# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
## २०७९

## नारायण नगरपालिका
### दैलेख





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## नारायण नगरपालिका

## दैलेख




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# पाँचौं वार्षिक प्रतिवेदन

## २०७९

## नारायण नगरपालिका

### दैलेख

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*

स्वतन्त्रता *(Independence)*

व्यावसायिकता *(Professionalism)*

पारदर्शिता *(Transparency)*

जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ। लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलत: आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु। स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय कर्णाली प्रदेश**

पत्र संख्याः २०७९।८०
च.नं. : ८९ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुख ज्यू,
नारायण नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
दैलेख।

**कैफियत सहितको राय**

हामीले नारायण नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२. लेखापरीक्षणबाट रू.३ करोड ३२ लाख ४८ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.३५ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ४० लाख १ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ८५ लाख २२ हजार र पेश्की रु.६ लाख ९० हजार रहेको छ। पालिकाको गतवर्ष सम्म रु.१५ करोड १९ लाख ४२ हजार बेरुजू बाँकी रहेकोमा रु. २ लाख ४५ हजार सम्परीक्षण गरी हालसम्मको अद्यावधिक बेरुजू रु.१८ करोड ४९ लाख ४५ हजार रहेको छ। नगरपालिकाको बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

नायब महालेखापरीक्षक

# नारायण  नगरपालिका, दैलेख

## 1. चालु वर्षको बेरुजु २०७८।७९

### 1.1. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ६१ | ३३ | ३३२४८ | ० | ० | ० | ६१ | ३३ | ३३२४८ | ३५ | १८५२२ | १४००१ | ० | ० | ३२५२३ | ६९० |

### 1.2 प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क्र.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| ० | ० | ० | ० |
| | | | |
| | | | |
| | | | |

## 2. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नारायण नगरपालिका दैलेख | १५१९४२ | ० | २४५ | १५१६९७ | ० | ३३२४८ | १८४९४५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : नारायण नगरपालिका, दैलेख , नारायण नगरपालिका , दैलेख

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | भक्त बहादुर मल्ल | २०७८-९-१८ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | रेशम बहादुर बुढा | २०७८-४-१ | २०७८-९-१७ |
| लेखा प्रमुख | चिरन्जीवी उपाध्याय | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३३,२४८,१०० |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३,५८,८७,०००.४ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४७,६६,०२,२३० | **चालु खर्च** | ३८,२६,७१,८८५.९४ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,२९,४५,१९० | **पूँजीगत खर्च** | १८,०७,५१,३१७ |
| **राजश्व बाँडफाँट** | ७,८४,९४,४४५.१७ | **वित्तीय/अन्य व्यवस्था** | १८,०३,३१,७५८.९ |
| **आन्तरिक आय** | १,३९,१४,५७९.४९ | | |
| **अन्य आय** | १६,१४,१५,२३९.९५ | | |
| **कुल आय** | ७७,३३,७१,६८४.६१ | **कुल खर्च** | ७४,३७,५४,९६१.८४ |
| **बाँकी मौज्दात** | | ६,५५,०३,७२३.१७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ११ वडा, ११०.६३ वर्ग किलोमिटर क्षेत्रफल तथा ३७०३७ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>यस पालिकाको आर्थिक वर्ष २०७८।७९ को लेखापरीक्षण वार्षिक लेखापरीक्षण योजना २०७९, निकायगत लेखापरीक्षण योजना, व्यवस्थापन प्रतिनिधित्व पत्र एवं अनुबन्ध पत्र, आन्तरिक लेखापरीक्षण प्रतिवेदन र अन्य विवरण समेतलाई आधार मानी सम्पन्न गरिएको छ । लेखापरीक्षण टोलीमा रहेको सीमित साधन र स्रोत, सूचनाको पहुँचमा हुने सीमितता, कम समयमा धेरै कार्यक्षेत्रको लेखापरीक्षण गर्नुपर्ने अवस्था, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता जस्ता कारण सम्पूर्ण आर्थिक कारोबारको कानूनी वैधता परीक्षण गर्न नसकिने लगायतका सीमाहरु लेखापरीक्षणमा रहेका छन् । लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षणमान समेतको आधारमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा निर्क्यौल गरेको जोखिममा आधारित स्वीकृत लेखापरीक्षण योजनाभित्र रही लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ । सारभूतरुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरुलाई प्रतिवेदनमा समावेश गरिएको छैन । लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर व्यवस्थापनसँग छलफल सम्पन्न गरिएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्: | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणको क्रममा देहाय बमोजिमको रु. ८१३३४४।०० असुली भई सञ्चित कोष दाखिला भएको छ । | |
| ४ | | | **वित्तीय प्रतिवेदन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः | |

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६६, ९८ , ५१ , ५९८.५७ | ६१, ६८ , ७२ , ८३९.०२ | | ६१, ६८ , ७२ , ८३९.०२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६४, १२ , ६३ , ८३९.८७ | ६१, २७ , ०६ , १३१.०२ | ० | ६१, २७ , ०६ , १३१.०२ | |
| | | | ११००० कर | ११ | १०, ७९ , ४६ , ८३९.८७ | ९, ३१ , ५८ , ७११.०२ | ० | ९, ३१ , ५८ , ७११.०२ | |
| | | | १३००० अनुदान | | ५३, ३३ , १७ , ०००.०० | ५१, ९५ , ४७ , ४२०.०० | ० | ५१, ९५ , ४७ , ४२०.०० | |
| | | | संघीय सरकार | १२ | ४८, २९ , ०१ , ०००.०० | ४७, ६६ , ०२ , २३०.०० | ० | ४७, ६६ , ०२ , २३०.०० | |
| | | | प्रदेश सरकार | १२ | ५, ०४ , १६ , ०००.०० | ४, २९ , ४५ , १९०.०० | ० | ४, २९ , ४५ , १९०.०० | |
| | | | १४००० अन्य राजस्व | | ० | ० | ० | ० | |
| | | | ख. अन्य प्राप्ति | | २, ८५ , ८७ , ७५८.७० | ४१, ६६ , ७०८.०० | | ४१, ६६ , ७०८.०० | |
| | | | वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | |
| | | | कोषहरु | | २, ८५ , ८७ , ७५८.७० | २४, ३६ , ६२५.०० | ० | २४, ३६ , ६२५.०० | |
| | | | धरौटी | | ० | १७, ३० , ०८३.०० | ० | १७, ३० , ०८३.०० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | |
| | | | भुक्तानी (ग+घ) | | ७०, ४९ , २९ , ११८.७० | ५८, २० , ४१ , ४६०.९४ | | ५८, २० , ४१ , ४६०.९४ | |
| | | | ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६७, ६३ , ४१ , ३६०.०० | ५६, ३४ , २३ , २०२.९४ | | ५६, ३४ , २३ , २०२.९४ | |
| | | | २१००० पारिश्रमिक / सुविधा | १८ | २२, ७६ , १६ , ०००.०० | २०, ८१ , १९ , ७८०.३४ | ० | २०, ८१ , १९ , ७८०.३४ | |
| | | | २२००० मालसामान तथा सेवाको | १८ | १८, ०४ , ६० , ३६०.०० | १५, २४ , २९ , | ० | १५, २४ , २९ , | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | उपयोग | | | ८५५.६० | | ८५५.६० | |
| | | | २५००० सहायता ( Subsidy) | १८ | ४०, ७४ , ०००.०० | ३०, ४४ , ०२४.०० | ० | ३०, ४४ , ०२४.०० | |
| | | | २६००० अनुदान | १८ | ० | ० | ० | ० | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १, ९४ , ४० , ०००.०० | १, ५३ , १३ , ४७३.०० | ० | १, ५३ , १३ , ४७३.०० | |
| | | | २८००० अन्य खर्च | १८ | ४२, २२ , ०००.०० | ३७, ६४ , ७५३.०० | ० | ३७, ६४ , ७५३.०० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४, ०५ , २९ , ०००.०० | १८, ०७ , ५१ , ३१७.०० | ० | १८, ०७ , ५१ , ३१७.०० | |
| | | | घ. अन्य भूक्तानी | | २, ८५ , ८७ , ७५८.७० | १, ८६ , १८ , २५८.०० | | १, ८६ , १८ , २५८.०० | |
| | | | कोषहरु | | २, ८५ , ८७ , ७५८.७० | १, ६९ , ९२ , ३२७.०० | ० | १, ६९ , ९२ , ३२७.०० | |
| | | | धरौटी | | ० | १६, २५ , ९३१.०० | ० | १६, २५ , ९३१.०० | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | |
| | | | ङ. यो वर्षको बचत (न्युन) | | (३ , ५० , ७७ , ५२०.१३) | ३, ४८ , ३१ , ३७८.०८ | | ३, ४८ , ३१ , ३७८.०८ | |
| | | | च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६, ९४ , २० , ९१८.३५ | | ६, ९४ , २० , ९१८.३५ | |
| | | | वर्षान्तको बाकी रकम (ङ + च) | | (३ , ५० , ७७ , ५२०.१३) | १०, ४२ , ५२ , २९६.४३ | | १०, ४२ , ५२ , २९६.४३ | |
| | | | बैंक तथा नगद बाकी | २४ | | १०, ४२ , ५२ , २९६.४३ | | १०, ४२ , ५२ , २९६.४३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वित्तीय विवरणको यथार्थता**<br>पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,८९,३७,८४३।००, स्थानिय पूर्वाधार विकास साझेदारी कार्यक्रम रु.१५,००,०००।००, गरिवसंग विश्वेश्वर कार्यक्रम रु.४,६४,०००।००, मुख्यमन्त्रि रोजगार उद्यमशिलता तथा आय आर्जन कार्यक्रम प्रदेश सरकार रु.१,७९,२५,४४६।०० प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम रु.४३,८७,३२५।०० र प्रदेशको सामाजिक विकास मन्त्रालय कार्यक्रम खर्च रु.५,००,०००.०० समेत गरी रु.१२,३७,१४,६१४।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । | |
| ६ | | | **फरक हिसाब**<br>यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. ६०,९४,९९८।०० , यस वर्षको प्राप्ति रु. १३,९०,८७,९९४.००, यस वर्षको भुक्तानी रु. १२,३७,१४,६१४।०० र बैङ्क मौज्दात रु. ७,४९,६८६।०० फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।<br><br>विवरण \| गतवर्षको जिम्मेवारी \| यसवर्षको प्राप्ति \| यसवर्षको भुक्तानी \| बैङ्क मौज्दात<br>सुत्र अनुसारको वार्षिक प्रतिवेदन ( म.ले.प.फा.नं.२७२ ) \| ६९४२०९१८.३५ \| ६१६८७२८३९.०२ \| ५८२०४१४६०.९४ \| १०४२५२२९६<br>एकीकृत आर्थिक विवरणअनुसार \| ६३३२५९२०.०५ \| ७५५९६०८३२.६६ \| ७०५७५६०७५ \| १०३५०२६१०<br>फरक \| ६०९४९९८ \| १३९०८७९९४ \| १२३७१४६१४ \| ७४९६८६<br><br>वैंक मौज्दात रकमवाट यस वर्ष संघ तथा प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकम रु. ३,७९,९८,८८६।९० असार मसान्त पश्चात मिति २०७९।०४।१० मा फिर्ता गरेकोले उक्त रकमलाई समेत मौज्दात कायम छ । तर एकिकृत आर्थिक विवरणवाट फिर्ता भएको रकम वाहेकको रकमलाई मौज्दात कायम गरिएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७</td><td></td><td></td><td>बैंक हिसाव मिलन<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएको देखिन्छ । यस सम्वन्धमा पालकिाले उक्त रकम असार मसान्त पश्चात फिर्ता गरेको रकम रु .३,७९,९८,८८६।९० र प्रदेश सरकारवाट प्राप्त राजस्व वाडफाँड रकम तोकेको सिलिङ भन्दा वढि प्राप्त भएको रु.७,४९,६८६।३६ देखिएकोले मौज्दात वढी भएको जनाएको छ । यस सम्वन्धमा कार्यालयले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।<br>
<table>
<tr><th>खाता</th><th>स्रेस्ताअनुसार मौज्दात रु.</th><th>बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु.</th><th>फरक रु.</th></tr>
<tr><td>ग ४-१ स्थानीय तह संचित कोष</td><td>८५१६९९२८।४८</td><td>४६४२१३५५।२२</td><td>३८७४८५७३।२६</td></tr>
<tr><td>विविध खर्च खाता</td><td>१०४९७७३२।५०</td><td>१०४९७७३२।५०</td><td></td></tr>
<tr><td>विपद व्यवस्थापन खाता</td><td>१०९७६९९।२०</td><td>१०९७६९९।२०</td><td></td></tr>
<tr><td>धरौटी</td><td>७४८६९३६</td><td>७४८६९३६</td><td></td></tr>
<tr><td>बैङ्क</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३८७४८५७३।२६</td></tr>
</table></td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br>बजेट पेश, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री सावित्री मल्लले मिति २०७८।०३।१० गते रु.६७ करोड ६३ लाख ४९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७८।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **शसर्त अनुदान फिर्ता**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७२) को अनुसूची २१ मा फिर्ता गर्न बाँकी अनुदान रु.३,७९,९८,८८६।९० देखाएकोमा पालिकाले उक्त रकम मिति २०७९।०४।१० मा फिर्त गरेको छ । | |
| १० | | | **आन्तरिक नियन्त्रण प्रणाली -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:<br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br>• कार्यालयले परिमार्जित म.ले.प. फारमहरुको आशिक रुपमा प्रयोग गरेको छ। अतः परिमार्जित म.ले.प. फारमहरुको पूर्ण रुपमा लागू गर्नुपर्ने ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • क्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दीर्घकालीन योजना तयार नगरेको<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ । | |
| ११ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>बजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १३ | | | **त्रैमासिक खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा अनुसुची २ को ढाचामा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ५६ करोड ३४ लाख २३ हजार निकासा भएकोमा आषाढ महिनामा मात्र रु. २३ करोड ७५ लाख ३७ हजार अर्थात ४२.१६ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले खर्च ब्यवस्थापन सन्तुलित भएको देखिएन । कार्यालयले वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा समेत असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| क्र.स. | बजेट उपशिर्षक | कुल खर्च | आषाढ महिना |
|---|---|---|---|
| १ | चालु खर्चतर्फ | ३८२६७२ | १४४४६५ |
| २ | पूँजिगत खर्चतर्फ | १८०७५१ | ९३०७२ |
| | जम्मा | ५६३४२३ | २३७५३७ |
| | प्रतिशत | | ४२.१६ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१४</td><td></td><td></td><td>बार्षिक खरिद योजना/गुरुयोजना<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१८,०७,५१,३१७.०० पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>७०८९२</td><td>५८५०५</td><td>१०.३९</td></tr>
<tr><td>२</td><td>पूर्वाधार विकास</td><td>८७६१७</td><td>५७३८१</td><td>१०.१८</td></tr>
<tr><td>३</td><td>सामाजिक विकास</td><td>३२९५७६</td><td>२९६९७५</td><td>५२.७१</td></tr>
<tr><td>४</td><td>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</td><td>४६२४९</td><td>३३८७१</td><td>६</td></tr>
<tr><td>५</td><td>अन्य कार्यालय संचालन तथा प्रशासनिक</td><td>१४२००७</td><td>११६६९१</td><td>२०.७१</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>६७६३४१</td><td>५६३४२३</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.७१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ६ प्रतिशत रहेको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १६ | | | **योजना छनौट र कार्यान्वियन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०76÷७7 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br>रु १ लाख सम्म: ७० ; रु १ लाख देखि २ लाखसम्म: ३० ; रु २ लाखदेखि ५ लाखसम्मका: २३ ; रु ५लाख देखि १० लाखसम्मका: १४ ; रु १० लाखभन्दा बढीको: १६ ; जम्मा: १५३<br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि ८० लाख सम्मका जम्मा १५३ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ७० वटा योजनाहरु रहेका छन् । साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १७ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ५० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | २०४५ |
| मृत्युदर्ता | ३०६ |
| बसाईसराई दर्ता | २३४ |
| विवाह दर्ता | ५९८ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | १२०० मिटर |
| ग्राभेल सडक निर्माण | २१०० मिटर |
| ग्राभेल सडक मर्मत | |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ६ वटा ऐन, ५ वटा नियमावली, ७ कार्यविधि र निर्देशिका २ लगायत २० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| २० | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको ३ गरी कुल ६ विवाद दर्ता भएकोमा २ वटा मात्र फछ्र्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २१ | | | **खर्च बिश्लेषणः**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.१,३९,१४,५७९।०० राजस्व बाँडफाँडवाट रु.७,९२,४४,१३२।०० र अनुदानबाट रु.५१,९५,४७,४२०।०० समेत रु.६१,२७,०६,१३१।०० आम्दानी भएकोमा चालु तर्फ रु.३८,२६,७१,८८५।९४ र पूँजिगत तर्फ रु.१८,०७,५१,३१७।०० समेत रु.५६,३४,२३,२०२।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४७ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु. १,००,२०,२२५।०० खर्च भएको छ जुन आन्तरिक आयको ७२ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६८ प्रतिशत चालु र ३२ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| २२ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,८०,८८,४७९।८७ प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१,३९,१४,५७९।४९ अर्थात अनुमान भन्दा ५०.४६ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोत समेतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २३ | | | **आन्तरिक आम्दानीः**<br>पालिकामा आन्तरिक आम्दानीको संकलन लागि सफ्टवेयर प्रणालीबाट कार्य सम्पादन भएको छ । यस वर्ष पालिकाले रु. ६७ लाख आन्तरिक आम्दानी गरेको छ । संकलन भएको राजस्व रकम नियमानुसार समयमा बैक दाखिला हुने गरेको छैन । तसर्थ कानून बमोजिम राजस्व रकम समयमै वैक दाखिला गर्ने व्यवस्था गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br>केन्द्रिय अनुदानबाट खर्च: ५६३४२३२०३ ; आन्तरिक आय: १३९१४५७९ ; आन्तरिक आय प्रतिशत: २.४७<br>विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.४७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २५ | | | **दहत्तर बहतर** | |
| २५.१ | | | **आय ठेक्काः** पालिकाले आफ्नो क्षेत्रभित्रका नदिबाट ईआइए प्रतिवेदनका आधारमा नदिजन्य पदार्थ ( ढुंगा, गिट्टी, बालुवा र ग्राभेल आदि) उत्खनन गरी आन्तरिक राजश्व संकलनका लागि ठेक्का बन्दोवस्त गर्न सक्ने व्यवस्था छ । पालिका क्षेत्रको लोहोरे खोला र कोटिला खोलाबाट दहत्तर बहत्तर १८८४६ घ. मि. उत्खनन गर्न रु.१९,९५,०८८।- को लागत अनुमान गरी २०७८।४।२२ मा १६ दिन म्याद राखी सूचना प्रकाशन गरेको देखियो । सूचना अनुसार सवैभन्दा बढि रु.४१ लाख कवोल गर्ने निर्माण व्यवसायी मस्टा निर्माण सेवा, मुगु लाई सम्झौताको लागि ७ दिन म्याद राखी २०७८।५।२० मा सूचना जारी गरेको पाइयो । मस्टा निर्माण सेवाले मिति २०७८।०५।२५ मा उक्त सम्झौता गर्नको लागि २० दिन म्याद थपको लागि अनुरोध गरेको देखियो । पालिकाले सोको वेवास्ता गरी २०७८।०६।०४ मा रु. २८ लाख दोस्रो बढी कवोल गर्ने वोलपत्रदाता दिपक निर्माण सेवालाई संम्झौताको लागि सूचना जारी गरी संझौता गरेको देखिन्छ । सवैभन्दा बढि कवोल गर्ने मस्टा निर्माण सेवाले २० दिनको म्याद थपको लागि अनुरोध गरेकोमा पुनर्विचार नगरी दोस्रो व्यवसायीसगँ संझौता गर्दा रु. १३ लाख आम्दानी गुमेको छ । म्याद थपको लागि समयमा अनुरोध गर्दा पनि सो नगरी अर्को निर्माण सेवालाई ठेक्काको लागि संम्झौता गर्ने पदाधिकारीलाई जिम्मेवार वनाई घटी आम्दानी गरेको नियमसम्मत नदेखिएको रु. | १,३००,००० |
| २५.२ | | | मुल्य अभिवृद्धि कर दाखिला – मुल्य अभिवृद्धि कर संघिय संचित कोषमा दाखिला गर्नुपर्नेमा पालिकाले दहत्तर वहत्तर ठेक्का संझौतामा मूल्य अभिवृद्धि कर सम्बन्धमा कुनै कुरा उल्ख गरेको छैन । पालिकाले सो ठेक्का रु. २८ लाखमा संझौता गरी रु. २८ लाख आम्दानी प्राप्त गरेको छ । पालिकाले दहत्तर वहत्तर वापत मुल्य अभिवृद्धि कर रु. ३,६४,०००।०० प्राप्त गरी संघिय संचित कोष दाखिला गरेको छैन । उक्त रकम संघिय संचित कोष दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु. | ३६४,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२६</td><td></td><td></td><td>माछा ठेक्काः<br>पालिकाले आफ्नो क्षेत्रधिकार भित्रको खोलामा माछाको ठेक्का वापत रु. ८९,०००। आन्तरिक आम्दानी भएको जनाएको छ । तर सो ठेक्काको फाइल लेखापरीक्षणको लागि पेश नभएकोले अन्य जानकारी लगाएत आम्दानी एकिन गर्न सकिएन ।</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>खाना तथा विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना, खाजा तथा विविधतर्फ मात्र रु.१४,००,०००।- खर्च गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,३९,१४,५७९।४९ को १० प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>आर्थिक सहायता<br>पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.६,८८,५००।०० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,३९,१४,५७९।४९ को ५ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>सवारीसाधन खरिद –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारि साधन खरिदमा रु.६ लाख बजेटबाट खर्च गरेको छ । आन्तरिक आम्दानीको अवस्था अनुसार यस्ता खर्च गर्नेतर्फ पालिकाको ध्यान जानु पर्दछ ।<br>
<table>
<tr><th>सि.नं</th><th>सवारी साधन</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>मोटरसाइकल</td><td>२</td><td>६०००००</td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td></td><td></td><td>पेश्की वाँकी<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायत्व नियमावली, २०७७ को नियम ४७ पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु<br>
<table>
<tr><td rowspan="2">सि.नं.</td><td rowspan="2">पेश्की लिएको मिति</td><td rowspan="2">पेश्कीको विवरण</td><td rowspan="2">पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम</td><td colspan="2">म्याद नाघेको</td></tr>
<tr><td>रकम</td><td>फछ्यौंटको अन्तिम म्याद</td></tr>
<tr><td>१</td><td>११/१८/२०७८</td><td>बरडाडा विधुतिकरण जडान तथा लाईन तार खरीद</td><td>नेपाल विद्युत प्राधिकरण दैलेख वितरण केन्द्र</td><td>५, ९० , ०००.००</td><td>१२/२३/२०७८</td></tr>
<tr><td>२</td><td>०१/०६/२०७९</td><td>सार्वजनीक सुनुवाई</td><td>आम नागरिक मल्टिमिडिया प्रा. लि.</td><td>१, ०० , ०००.००</td><td>०२/१०/२०७९</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६, ९० , ०००.००</td><td></td></tr>
</table></td><td>६९०,०००</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>पदाधिकारी सुविधा<br>कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट यस वर्ष गरी रु.१,००,२०,२२५।०० यस्तो सुविधा वापत भुक्तानी भएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **हेभी इक्विपमेण्टको प्रयोग**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई नगर कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । | |
| ३३ | | | **जटिलसंरचना निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्<br><br>सि नं \| उपभोक्ता समितिको नाम \| कामको विवरण \| भुक्तानी रकम<br>१ \| त्रिभुवन माध्यमिक विद्यालय \| ४ कोठे भवन \| १ करोड ५० लाख<br>२ \| रैना देवी आधारभुत विद्यालय \| ४ कोठे भवन \| ३६००००० <br>३ \| रेडक्रस माध्यमिक विद्यालय \| भवन निर्माण \| १८००००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३४ | | | **खरिद अभिलेखः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा हरेक खरिद कारबाहीको लागि छुट्टा छुट्टै फाइल खडा गरी लागत अनुमान, पूर्व योग्यता निर्धारण, बोलपत्र सम्बन्धी कृयाकलाप लगायत खरिद संझौता देखि सम्पन्न प्रगति प्रतिवेदन समेत वनाई फाइल पञ्जिका समेत तयार गरी राख्नुपर्ने व्यवस्था छ । पालिकाले सवै खरिदको फाइल तयार नगर्ने गरेको, तयार गरेको फाइलमा सम्बन्धित सवै कागजात नराखि पञ्जिका समेत तयार नगर्ने गरेको देखिएको छ । यसबाट खरिद सम्बन्धी पूर्ण विवरण उपलब्ध नहुने, प्रमाण कागजात एकिकृत नहुने लगायतका कारणबाट खरिद कार्य प्रभावकारी देखिएन । नियमको उक्त व्यवस्था अनुसार खरिद अभिलेख/फाईल व्यवस्थापन गर्नुपर्दछ । | |
| ३५ | | | **सार्वजनिक परीक्षण**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ३६ | | | **कार्य सम्पन्न प्रतिवेदन**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । पालिकाले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्र्इङ्ग, डिजाइन तथा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ३७ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले यस वर्ष २०७८/७९ मा कन्टीन्जेन्सी बापत के कति कट्टा भएको हो सो को विवरण पेश भएन। | |
| ३८ | | | **गुणस्तर परीक्षण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **ननफाइलर**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट देहायका फर्मलाई मूल्यअभिबृद्दि कर रु. ९,३३,२२८।- समेत रु.८,१०,११,६०१।- भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन् फाईलर रहेको पाइयो । उक्त कारोबारको कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | ९३३,२२८ |

| गोभौनं./मिति | कार्यक्रम | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | ननफाइलर रहेको मिति | शिर्षक |
|---|---|---|---|---|---|---|---|
| | वडा ६ को भवन निर्माण | रोहित कन्स्ट्रक्सन दैलेख | ६०१९४६६२२ | १८७३१७५ | २१५४९८ | २०७८ चैत्र | सशर्त |
| ४६९ | नारायण क्यामपस मर्मत | शिला कन्स्ट्रक्सन सप्लायर्स | ३०३४७१५१२ | ४८४७७० | ५५७७० | २०७८ चैत्र | पुजीगत |
| ४५७ | वडा ६ मा क्यानल निर्माण | जेसिका एण्ड अभियान कन्सट्रक्सन प्रा लि | ६०६६४७४९६ | ७६४४४४ | ८९१२८ | २०७८ पौस | |
| ४७४ | ज्यामिरे खेलीदेखि सिमाडीकोट सिचाइ | के सी कन्स्ट्रक्सन | ६०६५०६४१४ | ४७९५५२ | ५५१७२ | २०७९ वैषाख | |
| ७९ | नारायण खानेपानी वडा १ | रोहित कन्स्ट्रक्सन | ६०१९४६६२२ | ४००१३३० | ४६०३३० | २०७८ चैत्र | |
| ३०९ | | न्यू अल्फा जनरल अर्डर सप्लायर्स | ६१३४८८५२१ | ४९८३३० | ५७३३० | ०७९।M।१ | चालु |
| | | जम्मा | | ८१०११६०१ | ९३३२२८ | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४० | | | **असम्वन्धित स्थानमा भ्रमण**<br>भ्रमण खर्च नियमावली, २०६४ अनुसार सरकारी कामको सिलसिलामा आफ्नो कार्यालय भन्दा बाहिर भ्रमण वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले भ्रमण खर्च तथा दैनिक भत्ता पाउने उल्लेख छ । नगरपालिकाको वडाको जनप्रतिनिधि तथा कर्मचारी कार्यालय कामकाज वेगर लुम्विनी, मुस्ताङ, बाग्लुङ, रुकुम पूर्व तथा जाजरकोट अवलोकन भ्रमण गरि रु.४,२२,४२०।- लाख खर्च लेखेको छ । प्रयोजन बेगर भ्रमण खर्च अनियमित देखिएको रु | ४२२,४२० |
| ४१ | | | **विमा बेगर निर्माण**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ वमोजिम बीस लाख रुपैया भन्दा वढी मूल्यको निर्माण कार्यको निर्माण व्यवसायीले अनिवार्य रुपमा विमा गर्नुपर्ने व्यास्था छ । पालिकाले सवैजसो योजना विमा नगरी संचालन गरेको छ । विमा नगरी निर्माण कार्य संचालन गर्दा भैपरि आउने तथा विपदवाट हुने क्षतिपुर्ती नहुने कारण निर्माण कार्य अलपत्र पर्न सक्ने हुनाले नियमानुसार योजनाहरुको विमा गर्नुपर्दछ । | |
| ४२ | | | **वडा नं ६ को भवन निर्माण -**<br>वडा कार्यालयको भवन निर्माण गर्न लागत अनुमान रु.७३९३४९०।०० भएकोमा वोलपत्र मार्फत रोहित कन्स्ट्रक्सनसँग रु.४६३९२३०।०० मा सम्झौता गरि म्याद थप समेत मिति २०७९ पौस १० सम्म कार्य सम्पन्न गर्नुपर्ने उल्लेख छ । सो सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन । | |
| ४२.१ | | | **भेरिएसन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ वमोजिम खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थितिमा सो सम्झौता कार्यान्वियनको क्रममा सृजना भएको थप कामको सार्वजनिक निकायले भेरिएसन आदेश जारि गर्नसक्ने उल्लेख छ । पालिकाले वडा भवनको लागि गरेको वोलपत्रमा न्यून कवोल गर्ने रोहित कन्स्ट्रक्सनले पेश गरेको विओक्यू परीक्षण गर्दा लागत अनुमानमा पाइप खरिद जस्ता सामानको लागत अनुमान प्रति इकाइ रु.५५०।- रहेको सामान निर्माण व्यवसायीले दर रु.१।- पेश गरेको तर माटो कटिङ्गमा प्रति इकाइ रु.८६।- कायम गरेकोमा उक्त कार्यमा निर्माण व्यवसायीले रु.१,०००।- का दरले विओक्यू पेश गरेको देखिएको छ । सम्झौता गर्दा अस्वभाविक दर पेश गरेको सम्वन्धमा सोधपुछ गर्नुपर्ने कानूनी व्यवस्था भएपनी थप स्पष्ट नगरी ठेक्का लगाएको छ भने उक्त आइटममा नै भेरिएसन गरेको छ । भेरिएसन खर्चको भुक्तानी सम्वन्धमा वास्तविकता यकीन गर्नुपर्दछ । पालिकाले अस्वभाविक दररेट पेश गरेको आइटममा भेरिएसन हुँदा जिल्ला दररेटको आधारमा भेरिएसन एकिन गरी सोको वार्ताद्वारा मूल्य सम्झौता गरी मात्र भुक्तानी गर्नुपर्नेमा २१ प्रतिशत मात्र भेरिएसन भएको भनि सिधै भुक्तानी गरेको नियम सम्मत देखिएन । | |

| भेरिएसन आइटम | वि ओ क्यू परिमाण | भेरिएसन परिमाण | लागत अनुमानको दर | ठेक्का दर | लागत अनुमान अनुसार भेरिएसन रकम |
|---|---|---|---|---|---|
| Exacation by machine BMS | ४२५ | ५१७ | ८६ | १००० | ९२००० |
| Exacation by machine soft rock | १०६.४ | १२९.३ | २११.३६ | १००० | २२९०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२.२ | | | **कार्य सम्पादन जमानत** : निर्माण व्यवसायीसगँ भएको सम्झौता अनुसार निर्माण कार्य सम्पन्न भएको मितिले थप १३ महिना खाम्नेगरी कार्यसम्पादन जमानत पेश हुनुपर्ने उल्लेख छ । उक्त भवनको निर्माण गर्न निर्माण व्यवसायी रोहित कन्स्ट्रक्सनसँग भएको सम्झौता अनुसार रु.१०,५५,०००।- को कार्य सम्पादन जमानत २६ जनवरी २०२४ सम्मको हुनुपर्नेमा ८ अगस्ट २०२३ सम्म मात्र भएकोले कार्य सम्पादनको म्याद थप हुनुपर्ने रु. | १,०५५,००० |
| ४३ | | | **विल भर्पाई नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व निमयावली २०७७ को नियम ३९ अनुसार खर्च पुष्टि हुने विल भर्पाई सहित लेखा राख्नुपर्दछ । पालिकाले एक स्थानीय तह, एक पकेट कार्यक्रम साझेदारी संचालन गर्न सहाकारी संस्था, कृषि विकास कार्यालय तथा नारायण नगरपालिका विच भएको त्रिपक्षीय सम्झौता अनुसार खरीजातको बाख्रा तथा वोका खरिद गर्न पशु सेवा कार्यालयले रु.६,५०,०००।- तथा नगरपालिकाले रु.२,००,०००।- व्यहोर्ने गरी सम्झौता भएको देखिन्छ। सम्झौता अनुसार खर्चको सक्कल विल भरपाई पेश गर्नुपर्नेमा पशु सेवाले भुक्तानी गरेको खर्चको विलको फोटोकपी विल पेश भएको छ भने पालिकाको खर्चको विल पेश हुन नआएकोले खर्चको प्रमाणित हुने विल भरपाई पेश हुनुपर्ने रु | २००,००० |
| ४४ | | | **शिर्षक फरक पारी खर्च लेखेको**<br>आर्थिका कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ (२) मा अधिकार प्राप्त अधिकारीले बजेट खर्च गर्दा सम्बन्धित खर्च शिर्षकमा परेको वा खर्च गर्न बाँकी रहेछ भने बजेट खर्च गर्नुपर्ने र महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत र महालेखा नियन्त्रकको कार्यालयबाट जारी एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ अनुसार खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले गोश्वारा भौचर नं. ४५७ बाट जनता आवास कार्यक्रममा जग्गा खरिदका लागि स्वीकृत भएको बजेटबाट ६ नं. वडाको पर्खाल निर्माणमा रु.७,६४,४४४।- र शहिदगेट देखि छान्न सडक मर्मतमा रु.५०,०००।- समेत जम्मा रु.८,१४,४४४।- शीर्षक फरकपारी खर्च लेखेकोले उक्त रकम अनियमित देखिएको रु. | ८१४,४४४ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>
डीपीआर खर्च<br>
बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।
<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>कोटिला आइइई</td><td>एप्पल इन्जिनियरिङ प्रोफेशनल कन्सल्टेन्सी</td><td>१४५३०००</td><td>२०१०६०००००</td></tr>
<tr><td>सपिङ्ग कम्पेल्क्स</td><td>इलाईट इन्जिनियरिङ सोलुसन</td><td>४८५०००</td><td>५०८७२२६२</td></tr>
<tr><td>ल्याण्डफिल्ड साइड आइई</td><td>काइनेटिक कन्सल्टेन्सी</td><td>४८५०००</td><td>२०४५७५०००</td></tr>
<tr><td>जम्मा:</td><td></td><td>२४२३००००</td><td>२२६६०४७२६२</td></tr>
</table>
यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गरी आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।
</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>
ठेक्का व्यबस्थापनः<br>
सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ ।<br>
(रु.हजारमा)
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>३४७७६</td><td>२२</td><td>८०३५</td><td></td><td></td><td>१०</td><td>६९१७९</td><td>३२</td><td>७७२१४</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | | | **अधुरो निर्माणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईका कारणले सम्झौतामा तोकिएको म्याद भित्र निर्माण कार्य सम्पन्न नभएमा पूर्व निर्धारित क्षतिपूर्ति लगाई काम सम्पन्न गराउन सकिने व्यवस्था छ । स्थानीय विकास पूर्वाधार कार्यक्रमद्धारा बजेट व्यवस्था भई आर्थिक वर्ष ०७६।०७७ मा बसपार्क देखि भैसेखोर सम्मको ०+००० देखि ४+५०० सम्म सडक स्तरोन्नती गर्न रु.४,१९,८०,४८८।- मा ४ वटा प्याकेजमा काम सम्पन्न गर्ने गरी २०७७।०२।०१ मा एक निर्माण व्यवसायीसँग सम्झौता भई हालसम्म रु.१,६९,८६,८६१।- भुक्तानी भएको देखियो । पालिकाबाट पटक पटक म्याद थप गर्दै गएपनि हाल सम्म निर्माण कार्य सम्पन्न नभई अधुरो रहेको पाईयो । सम्झौता बमोजिम निर्माण ढिलाई गर्ने निर्माण व्यवासायीलाई नियमको उक्त व्यवस्था अनुसार कारवाही नगरी कार्यपालिकाको मिति २०७८।०७।०५ को निर्णयले २०७९ पौष मसान्त सम्म म्याद थप गरेपनि निर्माण सुचारु नगरेबाट उक्त व्यवसायीले सो सडक स्तरोन्नती गर्ने अवस्था नदेखिएकोले सोही नियमावलीको नियम १२८ बमोजिम सम्झौता उलङ्घन उपचार गरी ठेक्का फरफारख गर्नुपर्दछ । | |
| ४८ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ्ग नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ्ग नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ४९ | | | **वित्तीय समानीकरणबाट शिक्षकको तलब भत्ताः**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु. ९२,००,०००।०० तलब भत्ता भुक्तानी गरेकोले अनियमित भएको रु. | ९,२००,००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>दिवा खाजाः-<br>कार्यक्रम कार्यान्वियन पुस्तिका (आ. व. २००७८।०७९) मा विद्यालयगत तथ्याङ्कका आधारमा विद्यालयहरुलाई बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. १५।- का दरले विद्यालयलाई अनुदान दिने र विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र थप अनुदान दिने व्यवस्था छ। कार्यालयले EMIS मा प्रविष्ट तथ्याङ्कका आधारमा कक्षागत विद्यार्थीहरुको दिवा खाजा व्यवस्थापन वापत रु.५७ लाख ७३ हजार निकासा गरेको छ । IEMIS रेकर्डको आधारमा निकासा गरेपनि पालिकाले कुनै अनुगमन नगरको, दैनिक हाजिरी तथा खर्चको विल भरपाई समेत पेश भएको छैन । अतः गाउँपालिकाले अनुगमन गरी, प्रमाणित हाजिरी पुस्तिका पेश गर्न लगाई हाजिर भएका वास्तविक विधार्थी संख्यालाई दिवा खाजा खुवाए/नखुवाएको एकिन गर्नुपर्दछ । विद्यार्थी संख्या भन्दा बढी भुक्तानी भएको भए असुल गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>पाठ्यपुस्तकः<br>शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमीबाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलो पटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०७९ को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप २५% बाट अनुदान दिने व्यवस्था छ । पालिकाले २०७९।०२।०५ मा अन्तर्गतका विद्यालयलाई ७५ प्रतिशत रु.२६,२८,५४५।०० र २०७९।०३।२० मा २५% रु.६,४४,६२४।०० पाठ्यपुस्तक वापतको रकम निकासा गरेको छ । विद्यार्थीको वास्तविक संख्या यकिन नगरी तथा पाठ्यपुस्तक खरिद तथा भरपाई गरेको कागजात संलग्न नगरी २५% रकम निकासा गरेकोले उक्त रकम पाठ्यपुस्तकमा नै खर्च भएको भन्ने यकिन गर्न सकिएन । पालिकाले विद्यालयको नियमित अनुगमन गरी निकासा भएको रकम सम्बन्धित शिर्षकमा खर्च भए नभएको अधावधिक विवरण तयार गरी राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>औषधी खरिद –<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ मा १० लाख रुपैया सम्मको लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने तथा (१क) मा पच्चिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। त्यस्तै सोही नियमको उपनियम (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा वढी रकमको एउटै फर्म वा संस्थाबाट खरिद गर्न नपाईने उल्लेख छ । तर पालिकाले उत्पादकले तोकेको भन्दा वढी मुल्यमा मूल्यमा फरक फरक मितिमा फरक फर्मबाट रु २३९१५९७ को औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्निानुसार छनः<br>
<table>
<tr><th>भौ नं</th><th>सप्लायर्सको नाम</th><th>रकम</th></tr>
<tr><td>२१।०७८।०६।२५</td><td>सिनर्जि मेडिसिन सप्लायर्स</td><td>४९८५५०</td></tr>
<tr><td>५२।०७८।०८।२२</td><td>निहित फर्मास्युटिकल</td><td>७४०३१३</td></tr>
<tr><td>४०।०७८।०८।१०</td><td>केडि फर्मा</td><td>९७७१२</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१८।०७८।०६।२५</td><td>त्रिनेत्र आयुर्वेद फार्मेसी</td><td>४१९९४५</td></tr>
<tr><td>९३, ९४।०७८।१०।२३</td><td>श्री पशुपति आयुर्वेद भवन प्रा लि</td><td>३१९९५०</td></tr>
<tr><td>१६१।०७९।०१।१४</td><td>प्लान्ट फर्मा</td><td>३१५१२७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२३९१५९७</td></tr>
</table>
<ul>
<li>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</li>
<li>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
<li>औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</li>
<li>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।</li>
</ul>
तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५३ | | | **कार्य सम्पन्न प्रतिबेदनः**<br>शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको ०७८।७९ को कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ११.१.२.४४५ को ८।२ मा भवन निर्माण अनुदान दिदाँ क्रमश ३०, ५० र २० प्रतिशत निकासा दिनुपर्ने र अषाढ १५ भित्र निर्माण कार्य सम्पन्न गरि कार्य सम्पन्न प्रतिबेदन प्रमाणित गरिसक्नुपर्ने व्यवस्था छ । तर मन्त्रालयले कोभिड १९ लगायत विविध कारण समयमा निर्माण कार्य सम्पन्न नगर्ने विद्यालयहरुलाई कार्य प्रगती अनुसार फुकुवा हुने गरी तोकिएको रकम सम्बन्धित विद्यालयको खातामा पठाउने मा मन्त्रीस्तरिय निर्णय भएको जनाई च.नं. २२५ मिति २०७९।०३।१७ मा परिपत्र गरेको आधारमा विद्यालयहरुलाई निकासा दिएको छ । उक्त निर्माण कार्यको प्राविधिकबाट कार्य सम्पन्न प्रतिबेदन तयार गरी भुक्तानी गरेको उक्त रकम ८।२ को बुदा ६ अनुसार निर्माण सम्पन्न पश्चातको नाप अनुसार तयार भएको कार्य सम्पन्न प्रतिबेदन, निर्माण सम्पन्न माईन्यूट, फोटो लगायत निर्माण कार्य पुरा भएको प्रमाण पेश गर्नु पर्ने रु | ६,२७०,२०५ |

| क्र सं | विद्यालयको नाम | वापत | निकासा | रोक्का |
|---|---|---|---|---|
| १ | त्रिभुवन माध्यमिक विद्यालय | ४ कोठे भवन | १ करोड ५० लाख | ४६४२७९७ |
| २ | रैना देवी आधारभुत विद्यालय | ४ कोठे भवन | ३६ लाख | १६२७४०८ |
| | जम्मा | | १ करोड ८६ लाख | ६२७०२०५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -**<br>स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत निम्न सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ | |

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | उच्च माध्यमिक तह | १४ | | १४ | ८८२ |
| २ | माध्यमिक तह | ४५ | १३ | ३२ | ११५५ |
| ३ | निम्न माध्यमिक तह | ६२ | १५ | ४७ | २०१५ |
| ४ | प्राथमिक तह | १८७ | ८४ | १०३ | ४९१८ |

शिक्षा ऐन नियमावली बमोजिम विद्यार्थि शिक्षक अनुपात मिलाई दरबन्दी मिलान गर्नुपर्दछ । साथै दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **सामाजिक सुरक्षातर्फ**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस वर्ष सामाजिक सुरक्षा भत्ता वापत रु.९८९३७८४३।०० खर्च गरेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन । | |
| ५५.१ | | | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेख कट्टा गर्नुपर्ने व्यवस्था भएपनि पालिकाले सो गरेको देखिएन। | |
| ५५.२ | | | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ । तोकिएको समयमा कार्य गर्ने गरेको छैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५६</td><td></td><td></td><td>

**सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ (४) वमोजिम एक लाख रुपैया भन्दा बढीको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तिमा तीनवटा सेवा प्रदायकवाट लिखित रुपमा प्रस्ताव माग गरी खरिद गर्नुपर्दछ । पालिकाले निम्नानुसारको प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रम व्यवस्थान गर्न बबिना इन्फोटेक सप्लायर्सवाट सामान खरिद गरी रु.४,३४,०३८।- भुक्तानी गरेकोमा कोटेशन माग नगरी सिधै खरिद गरेको नियम सम्मत नदेखिएको रु.

<table>
<tr><th>सि नं</th><th>सप्लायर्स</th><th>सामानको नाम</th><th>विजक मिति</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>बबिना इन्झोटेक सप्लायर्स</td><td rowspan="2">स्टेशनरी तथा अफिस सप्लाई</td><td>३०-०७९।३।१४</td><td>४७३५८</td></tr>
<tr><td></td><td></td><td>२४-०७९।३।१४</td><td>१३४४७०</td></tr>
<tr><td></td><td></td><td></td><td>२२-०७९।३।१४</td><td>९३२२५</td></tr>
<tr><td></td><td></td><td></td><td>२६-०७९।३।१४</td><td>११२९२१</td></tr>
<tr><td></td><td></td><td></td><td>२८-०७९।३।१४</td><td>१३१०८</td></tr>
<tr><td></td><td></td><td></td><td>२९-०७९।३।१४</td><td>३३९५७</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४३५०३९</td></tr>
</table>

</td><td>४३४,०३८</td></tr>
<tr><td>५७</td><td></td><td></td><td>

**छोरी बचत खाताः**

सामाजिक विकास मन्त्रालयले २०७६/७७ देखि प्रत्येक जन्मिएको छोरीको नाममा पलिकाको सिफारिसमा तोकिएको वैकमा खाता खोली प्रतिमहिना पाँचसयका दरले नगद जम्मा गर्ने नीति कार्यान्वयन गरेको छ । पालिकाले यसवर्ष रु १३,००,५००।०० छोरी बचत खातामा जम्मा गराएको छ । यस आर्थिक वर्षमा मात्र कुल ७०४ जनाको खाता सिफारिस गरेकोमा बाँकीको खातामा रकम भुक्तानी हुन सकेको छैन । प्रर्याप्त बजेट अभावका कारण रकम जम्मा हुन नसकेको पालिकाले जनाएको छ। दीर्घकालीन भारपर्ने नीति कार्यन्वयन ल्याउनु अगाडि असर एवं प्रभाव विश्लेषण नगरेको कारण हरेक वर्ष दायित्व बढ्दै जाने तर बजेट अपर्याप्त रहने देखिएबाट उक्त कार्यक्रमको उपयुक्त विकल्पको पहिचान गर्नुपर्ने देखिन्छ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **साझेदारीः**<br>जिल्ला समन्वय समिति मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५ को नियम ८ मा भवन निर्माण सम्बन्धित योजनामा कम्तिमा चालीस, स्थानीय पूर्वाधारमा घटीमा पच्चीस, मर्मत सम्भार योजनामा कम्तिमा पचास प्रतिशत सम्बन्धित पालिकाले लागत साझेदारी गर्नुपर्ने व्यवस्था गरेको छ । पालिकालाई प्राप्त रु.३८ लाखको कुनै पनि योजनामा लागत साझेदारी गरेको देखिएन । समितिको मौज्दात मात्र लगानी गर्दा कार्यक्रमको लक्षीत प्रतिफल प्राप्त हुने देखिएन । | |
| ५९ | | | **गरिबसँग विश्वेश्वरः**<br>सामाजिक परिचालनका माध्यमबाट विपन्न परिवारलाई संगठित गरी स्थानीय मानव संशाधनको विकास गरी सामाजिक पूँजीको विकास गर्न गरिबसँग विश्वेश्वर कार्यक्रम कार्यान्वियन निर्देशिका, २०६६ जारी भएको छ । निर्देशिकाको बुँदा नं. ६(घ) तोकिएको मापदण्डका आधारमा अतिविपन्न परिवार छनौट लगायत विभिन्न १२ वटा कार्यहरु स्थानीय तहलाई तोकिएकोमा पालिकालाई प्राप्त रु. २ लाख ५० हजार क्रियापुत्री भवनमा खर्च गरेको छ । कार्यक्रमको उद्देश्य प्राप्ति हुने योजनामा खर्च गर्नुपर्दछ । | |
| ६० | | | **निर्माण सामाग्रीः**<br>पालिका र उपभोक्ताबीच भएको सम्झौतामा उपभोक्ताले खरिद गरेको खप्ने सामानहरु बाँकी रहेकोमा वडा कार्यालयलाई बुझाई सोको जानकारी पालिकालाई दिनुपर्ने शर्त रहेकोमा निम्न अनुसार सामान खरिद गरेको बिल र कार्य सम्पन्नमा उल्लेख भएका परिमाण फरक भएकोमा बाँकी सामानको अवस्थिति यकिन नभएकोले उक्त सामान दाखिला भएको प्रमाण पेश गर्नुपर्ने रु | ५०,५१२ |

| क्र सं | काम | डण्डी खरिद | खपत | दर | रकम |
|---|---|---|---|---|---|
| १ | जनता मावि कोटथप्ला मन्दिर निर्माण | १२९५ | ११२३ | १३६ | २३३९२ |
| २ | जनतामा माविको तल्ला थप ट्रस | १८२२।६६ | १६०० | १२१।८ | २७१२० |
| | जम्मा | | | | ५०११२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **कोष सञ्चालन मर्गदर्शनः**<br>पालिकाद्धारा संचालित कोषहरुको पारदर्शी, मितव्ययी र प्रभावकारी सञ्चालनको लागि कोष सञ्चालन कार्यविधि बनाई स्वीकृत कार्यविधि अनुसार सञ्चालन गर्नुपर्दछ । पालिकाले यस वर्ष मर्मत संभार कोषबाट रु.३,८९,९३४।- तथा प्रकोप व्यवस्थापन कोषबाट रु.१४,७४,२३८।- खर्च गरेको छ । पालिकाले कोष सञ्चालनको लागि मापदण्ड निर्धारण सहितको संचालन कार्यविधि तयार गरेरमात्र खर्च गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **प्रकोप राहतः**<br>कार्यपालिकाले २०७८।१०।२३ को निर्णय नं ६ बाट ठाडो खोला वाला जग्गा धनीहरुलाई ४ नं वडामा ४० प्याक र ८ नं वडाकालाई ६ प्याक चामल दिने निर्णय गरेकोमा ६ प्याक चामल रु.१,८००।- को दरले र ४० प्याक लिनेले रु.१,४५०।- को दरले चामल लगेको भनि आपूर्तीकर्ता विशाल स्टोर्स एण्ड अर्डर सप्लायर्सलाई रु.७१,०५०।- भुक्तानी गरेको छ । प्याकमा हुने तौल तथा प्याकको दर हिसाब गरी परिमाण र रकम नखुलाएको कारण राहत वितरणमा एकरुपता देखिएन । निर्णय गर्दा स्पष्ट रुपमा परिमाण र रकम यकिन गर्नुपर्ने देखियो । | |
| ६३ | | | **भरपाईः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार बिल भरपाई संलग्न गरेर मात्र खर्च गर्नुपर्नेमा पालिकाले मूल्य अभिवृद्धि कर बाहेक रु.१,८०५।- को दरले १३० वटा त्रिपाल खरिद गरेकोमा वितरण भरपाई संलग्न नगरेको तर प्रतिवडा १० वटा वितरण गरेको जनाएको छ । उक्त त्रिपाल के प्रयोजनका लागि वितरण भएको हो सो खुल्ने भरपाई पेश गर्नुपर्ने रु | २६५,१५४ |
| ६४ | | | **कार्य सम्पन्न प्रमाणः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार बिल भरपाई संलग्न गरेर मात्र खर्च गर्नुपर्नेमा नारायण बहुउद्देश्य सहकारी संस्थाले १४ वटा गोबर ग्यास निर्माणका लागि रु.४५,०००।०० का दरले रकम भुक्तानी लिएकोमा कति घनमिटरको गोबर ग्यास कस कस्को घरमा बनाएको हो भन्ने लागत अनुमान, कार्य सम्पन्न प्रतिबेदन र लाभग्राहीको विवरण स्रेस्तामा संलग्न नभएकोले खर्च पुष्टीहुने प्रमाण पेश गर्नुपर्ने रु | ६३०,००० |
| ६५ | | | **ICT बीलः**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्च पुष्टि गर्ने विलभराई पेश गर्नुपर्नेमा रेडक्रस माध्यमिक विद्यालयलाई विज्ञान प्रयोगशाला स्थापनाको लागि रु.६ लाख ५० हजार उपलब्ध गराएकोमा शिवशक्ति शैक्षिक सामाग्री विक्री केन्द्रको रु.४,७१,१२१।४३ को मात्र बिल पेश भएकोले बाँकी रकम रु.१,७२,८७८।५७ विद्यालयबाट फिर्ता गर्नुपर्ने रु | १७२,८७८ |
| ६६ | | | **कार्य योजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७९ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/ गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरे पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः**<br>स्थानीय सरकार सञ्चाछल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ ।यस सम्वन्धमा निम्नानुसार देखिएको छ:<br><br>• पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको/अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रयोगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था बाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पत्तिको हक हस्तान्तरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखित प्रकृया बेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ । प्रचलित ऐन, नियम तथा नीति निर्देशन एवं निर्णय गरी हक हस्तान्तरण/प्राप्ति/लिज/दर्ता/वन क्षेत्रको जग्गा प्रयोग गरे/नगरेकोको विवरण पेश नभएकोले सो सम्वन्धमा एकिन गर्न सकिएन । | |
| ६८ | ४२८ | २०७९-३-२२ | **लघु उद्यम विकास कार्यक्रम**<br>गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ मा उद्यमशिलता विकास तालिम तोकिएको पाठ्यक्रम अनुसार कम्तिमा ८ दिन संचालन गर्नुपर्ने व्यस्था छ । पालिकाले वडा नं ३ मा दलित वस्तीमा उद्यमशिलता विकास तालिमको लागि १ दिने कार्यक्रम तयार गरी सहभागी आतेजाते खाजा लगायतका शिर्षकमा जम्मा रु.१,००,०००।०० खर्च गरेको छ । ८ दिने कार्यक्रम १ दिन संचालन गर्दा बजेट खर्चमात्र हुने तर अपेक्षित उपलब्धी प्राप्त नहुने भएकोले पालिकाले यस्ता कार्यक्रम गर्दा स्वीकृत पाठ्यक्रम बमोजिम गर्नुपर्दछ । | |
| ६९ | | | **कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण**<br>कोभिड १९ को महामारीबाट प्रभावित अतिविपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ को दफा ३(१) मा नगद प्राप्त गर्ने लाभग्राही तथा ३(२) मा कस्ता परिवारलाई नगद हस्तान्तरण गर्न नहुने भन्ने बारे व्यवस्था गरिएको छ । पालिकाले दफा ३(२) बमोजिम सरकारी सेवामा स्थायी वा करारमा रोजगार गरे नगरेको, सामाजिक सुरक्षा तथा पेन्सन लिए नलिएको, संचित आयबाट आफ्नो आवश्यकता पुरा गर्न सक्ने नसक्ने तथा प्रधानमन्त्री रोजगार, प्रदेश सरकार वा स्थानीय तहबाट यस प्रयोजनको लागि नगद प्राप्त गरे नगरेको यकिन नगरी कोभिड १९ प्रभावित ५,४३० जनालाई रु. १०,०००।०० को दरले जम्मा रु. ५४,३०,०००।०० रकम भुक्तानी गरेको छ । पालिकाले यस्ता राहत वितरण गर्दा वास्तविक लक्षीत परिवार समुहलाई मात्र पहुच हुने गरी कार्यक्रम संचालन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७० | | | **वडा तथा शाखागत खर्चः**<br>पालिकाका हरेक आर्थिक कारोबार एकद्धार प्रणालीमार्फत क्रियाकलापमा आधारित रहि खर्च गर्नुपर्दछ । पालिकाले वडा तथा पालिकाको कृषि, पशु, आइटी जस्ता शाखावाइज बजेट व्यवस्था गरी बजेट खर्च गरेको देखिन्छ । शाखाका लागि भ्रमणको औचित्य पुष्टि हुन नसक्ने कार्यमा समेत बजेट खर्च भएको छ । विभिन्न वडा तथा शाखामा रहेका कर्मचारी तथा पदाधिकारीले व्यक्तिगत प्रयोजनाको लागि खर्च गरेको रिचार्ज कार्ड जस्ता खर्चमा समेत सञ्चार खर्चको बिल पेश गरी भुक्तानी लिएको देखिन्छ । शाखालाई आवश्यक पर्ने जिन्सी मालसामानहरु शाखावाइज खरिद गरी शाखामा दाखिला गर्ने गरेको छ । यसरी शाखावाईज बजेट खर्च गर्दा खर्चमा पारदर्शिता, मितव्यायिता तथा नियन्त्रण कायम गर्न कठिन देखिन्छ । तसर्थ बजेटलाई विभिन्न शाखामा टुक्रा पारि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ७१ | | | **सम्पत्ति तथा जिन्सी मालसामानको लगत तयार गर्नेः-**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) बमोजिम कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी, कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । वडा कार्यालयले खरिद गरेको जिन्सी सामानहरु पालिकाको जिन्सी खातामा आम्दानी गर्न छुट देखिएको र जिन्सी निरीक्षण समेत नगरेकोले खरिद भएका, सहायता वा हस्तान्तरण भई प्राप्त भएका जिन्सी मालसामानको एकिन गरी आम्दानी बाँध्नुपर्ने देखिन्छ । | |
| ७२ | | | **रितपूर्वकको कर विजकः**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले रित पूर्वकको कर वीजक बेगर देहायका सप्लायर्स तथा परामर्शदाताबाट सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायीले रितपूर्वकको कर वीजक वेगर पालिकाबाट भुक्तानी लिएको मुल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु. | ६०,२३१ |

| गो.भौ.नं./मिति | विविरण | सेवा प्रदायक | बिल रकम | मू.अ.कर | कैफियत |
|---|---|---|---|---|---|
| ४४५- ०७९।०३।२२ | पाँच वर्ष भित्र भएको पालिकाको विकास गतिविधि | आशिका मिडिया प्रा.ली. (६०६८५९१७६) | ४९१५५० | ५६५५० | बिल नं नभएको |
| ३६१- ०७९।०३।०१ | झोला खरिद | के.सी. अर्डर सप्लायर्स (६०३४५२१०३) | २८३२० | ३६८१.६ | फोटोकपि बिल |
| जम्मा | | | ५१९८७० | ६०२३२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७३</td><td></td><td></td><td>
वृत्त चित्र तथा लघु चलचित्र निर्माणः<br>
पालिकाले यस क्षेत्रको प्रर्वद्धन र विकास निर्माणका क्षेत्रहरु समेट्ने उद्देश्य जनाई वृत्त चित्र निर्माण गरेकोमा वृत्तचित्रमा कुन, कुन विषयवस्तु कति समयको रहनेगरी समेट्ने हो सो अनुसार लागत अनुमान तयार गरेको छैन । वृत्तचित्रको कानुनी स्वमित्व पालिकाको रहने गरी सर्वाधिकार समेत पालिकाले लिएको देखिदैन । साथै वृत्तचित्रलाई पालिकाले आफ्नो वेभसाइट तथा पालिकाको युट्युब च्यानलमा प्रकाशन नगरेकोले सो को औचित्य समेत पुष्टि हुने आधार नदेखिएकोले अनियमित भएको रु.
<table>
<tr><td>गोश्वरा भौचर/ मिति</td><td>निर्माण कर्ता</td><td>खर्च रकम</td></tr>
<tr><td>४४५- ०७९।०३।२२(चालु)</td><td>आशिका मिडिया प्रा. ली .</td><td>४९९५५०</td></tr>
<tr><td>४३२- ०७९।०३।२२(पुजिगत)</td><td>आशिका मिडिया प्रा. ली .</td><td>२९४९३०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७९४४८०</td></tr>
</table>
</td><td>७९४,४८०</td></tr>
<tr><td>७४</td><td></td><td></td><td>
वितरणमुखी कार्यः<br>
स्रोत साधनको परिचालन गर्दा उच्चतम प्रभाव हुने तरिकाले दीर्घकालीन योजना बनाएर गर्नुपर्दछ । पालिकाले देहायका विभिन्न कार्यक्रम अन्तर्गत विभिन्न मालसामान वितरण गरेको छ । दीर्घकालीन प्रभाव नपार्ने कार्यक्रमहरु सञ्चालन गर्दा पालिकाको आर्थिक समुन्नतीका साथै रोजगारी, उत्पादन तथा आन्तरनिर्भरतामा प्रतिकुल असर पर्ने देखिएकोले वितरणमूखी कार्य नियन्त्रण हुनुपर्दछ ।
<table>
<tr><td>गोश्वरा भौचर नं/मिति</td><td>कार्यक्रम</td><td>विवरण</td><td>खर्च रकम</td></tr>
<tr><td>६०- ०७८।०७।२९</td><td>विपद व्यवस्थापन वडा नं. १०</td><td>५१ पिस पाल वितरण</td><td>९९४४९।</td></tr>
<tr><td>८४- ०७८।०८।२०</td><td>विपद व्यवस्थापन वडा नं. ५</td><td>२० पिस पाल वितरण</td><td>४००००।</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७५</td><td></td><td></td><td>
स्वास्थ्य बिमा कार्यक्रमः<br>
पालिकाले स्वास्थ्य बिमाको सम्बन्धमा कुनै पनि कार्यविधि तथा कानून निर्माण गरेको छैन । अति विपन्न परिवार स्वास्थ्य विमा कार्यक्रममा घरेलु हिंसामा परी मानसिक बिरामी भई उपचार लिइ रहेका व्यक्तीको बिमा वापतको प्रिमियम पालिकाले रु. ७५४६००। भुक्तानी गरेको छ । यसरी कानून तथा कार्यविधि वेगर बिमाको प्रिमियम भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६</td><td></td><td></td><td>सवारी साधन नविरकणः<br>पालिकाले पालिका अन्तगर्त रहेका सवारी साधनको नविकरण समयमानै गर्नुपर्दछ । पालिका अन्तगर्त रहेका निम्न सवारी साधन समयमानै नविकरण तथा कर भुक्तानी नगरेको हुदा जरिवाना रकम पालिकालाई थप आर्थिक व्ययभार परेको रु.
<table>
<tr><td>सवारी नम्बर</td><td>जरिवाना रकम</td></tr>
<tr><td>भे १ ग ८५</td><td>५४४०</td></tr>
<tr><td>भे १ त ५०६८</td><td>१२८०</td></tr>
<tr><td>भे ८ प ३९२७</td><td>२५६०</td></tr>
<tr><td>भे ६ प ९०९२</td><td>५१२०</td></tr>
<tr><td>भे १ झ २७७</td><td>७०४०</td></tr>
<tr><td>भे १ क ४३३</td><td>११२००</td></tr>
<tr><td>जम्मा</td><td>३२६४०</td></tr>
</table></td><td>३२,६४०</td></tr>
<tr><td>७७</td><td></td><td></td><td>स्थानीय तथा मंहगि भत्ताः<br>अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघीय मामिला तथा सामान्य प्रशासनलाई लेखेको पत्रमा महगि भत्ता सम्बन्धमा कुनै पनि कानूनी व्यवस्था भएको नपाइएकोले करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउन नसकिने निर्देशन गरेको छ । साथै करार संझौता गर्दा तलब, पर्व खर्च र पोशाक खर्च बाहेक अरु सुविधा नपाउने गरी बढीमा छ महिनाको समय अवधि राखी करार संझौता गर्नुपर्दछ । पालिकाले करार संझौता अन्तर्गत कार्यरत कर्मचारीलाई महंगी, फिल्ड र स्थानीय भत्ता दिन मिल्ने नदेखिएकोमा पालिकाले गत वर्ष भुक्तानी गरेको रकम असूल भएको छ भने तत्पश्चा भुक्तानी गर्न नमिल्ने देखिएकोले वाँकी रकम पालिकाले एकिन गरि असुल फर्स्योट गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७८ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ७७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृतको दरबन्दी राजपत्रांकित द्बितिय श्रेणी रहेकोमा राजपत्रांकित तृतिय श्रेणीको रहेको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार सबै पदहरु पूर्ति रहेका छन् । | |
| ७९ | | | **सामाजिक परिचालकः**<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्र संख्या २०७४।७५ च. न. ४० (२०७४।१२।१३) को परिपत्रको वुदा नं ४ मा साविकमा उत्कृष्ट कार्य सम्पादन गरेका सामाजिक परिचालकहरु सेवा करारमा काम गर्न नआएमा नयाँ व्यक्तीलाई कार्यालय सहायक वा सामाजिक परिचालकका रुपमा नियुक्त नगर्ने, २०७५ असार मसान्त पश्चात सामाजिक परिचालकको लागी कुनै केन्द्रिय दायित्व नरहने उल्लेख छ । स्वीकृत दरवन्दी वाहेकका अन्य कर्मचारीलाई करारमा लिने कार्य नियम सम्मत नभएकोले नगरसभावाट निर्णय गराएर कार्य गर्न नमिल्नेमा पालिकाले यस वर्ष ११ जना सामाजिक परिचालकलाई मासिक रु.१९,०००।- का दरले रु.२८,२७,०००। - भुक्तानी गरेको रकम अनियमित देखिएको रु. | २,८२७,००० |
| ८० | | | **कल्याण कोष –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. ४०,००,०००।०० जम्मा गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था गरेको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम सार्न मिल्ने नदेखिएकाले उक्त रकम स्थानीय संचित कोषमा दाखिला गरी कोष सञ्चालन सम्बन्धी ऐन नियम बनाएर मात्र उक्त रकम खर्च गर्नुपर्ने देखिएको रु. | ४,०००,००० |
| ८१ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । पालिकाले विभिन्न पदमा ७१ जना कर्मचारीहरु करारमा राखि रु. १,९२,४१,४८६। खर्च लेखेको छ । सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेकोमा उल्लेखित पद वाहेकको विभिन्न पदमा ७ जना करार नियुक्ति गरी बर्षभरीमा रु.२६,१०,७९०।०० भुक्तानी गरेको अनियमित रु. | २,६१०,७९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८२ | | | **मेलमिलाप तालिमः**<br>४१६-०७९।०३।१६ पालिकाले न्यायिक समितिबाट सम्पदान प्रक्रियलाई सरल सहज बनाई आम नागरिकलाई न्यायको पहुँचमा पुर्यानउनको लागि मेलमिलाप तालिम सञ्चालनमा रु. ५ लाख खर्च गरेको सम्बन्धमा देखिएका व्यहोराहरु निम्न छनः | |
| ८२.१ | | | **बढी दरमा भुक्तानीः** कार्यसञ्चालन निर्देशिका, २०७७ परिच्छेद ७(७.१.१५) बमोजिम तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति/प्रशिक्षकको पारिश्रमिक कार्यपत्रवापत रु.१,०००।- र कक्षा सञ्चालन बापत रु.६००।- गरी जम्मा रु.१,६००।- भुक्तानी गर्न मिल्ने व्यवस्था छ। पालिकाले मेलमिलाप तालिम सञ्चालनको लागि सामुदायिक क्षमता विकास केन्द्रलाई ३६ सेसनको रु.४,०००।- का दरले भुक्तानी गरेकोले रु.२,४००।- का दरले रु.८६,४००।- बढी भुक्तानी गरेको छ। निर्देशिकामा उल्लेखित दरभन्दा बढी दरमा संझौता गर्ने पदाधिकारीलाई जिम्मेवार बनाई नियमित गर्नुपर्ने रु. | ८६,४०० |
| ८२.२ | | | **बढी सेसनको भुक्तानीः** पालिकाले मेलमिलाप तालिम सञ्चालनको लागि सामुदायिक क्षमता विकास केन्द्रलाई ४८ सेसनको रु.४,०००।- का दरले रु.१,९२,०००।- भुक्तानी गरेकोमा ३६ सेसनको मात्र तालिम सञ्चालन गरेको छ। तालिम सञ्चालित सेसन भन्दा १२ वटा सेसनको बढी भुक्तानी भएकोले बढी भुक्तानी भएको रु. ३४६८०।(करकट्टी पछि) असुल गर्नुपर्ने रु. | ३४,६८० |
| ८३ | | | **भ्रमण खर्च**<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८४ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| १५१९४२ | २४५ | १५१६९७ |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | फछ्यौटको आधार | | | | सम्परीक्षण |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| १ | २०७६।७७ | ६८ | प्रमाण पेश | २४५ | ० | ० | ० | |

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १५१९४२ | २४५ | ३३२४८ | ० | १८४९४५ |

https://nams.oag.gov.np